आज मिति २०८० साल पौष १९ गते विहिवारको दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

## उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| २१ | सूचना प्रविधि अधिकृत | श्री नविन ढकाल | |
| २२ | रोजगार अधिकृत | श्री दिपक कार्की | |
| | | | |
| | | | |

प्रमुख प्रशासकीय अधिकृत
२०८०।९।१९

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वालंखा, भोजपुर

अशोक राई
अध्यक्ष
२०८०।९।१९

**प्रस्तावहरु**

१. सिद्धथान पर्यटन विकास आयोजनाको इ-टेण्डर सम्वन्धमा
२. थप इन्सेन्टिभ सहित चिकित्सकको पुन विज्ञापन प्रकाशन सम्वन्धमा
३. आमचोक १० को वडा कार्यालय भवन निर्माणको लागि जग्गा प्राप्ती सम्वन्धमा
४. राष्टिय योजना आयोगमा योजनाहरु माग गर्ने सम्वन्धमा
५. संघीय सरकारलाई आर्थिक वर्ष २०८१/८२ को प्रस्तावित आय पठाउने सम्वन्धमा
६. राष्ट्रपती रनिङ सिल्ड प्रतियोगीताको लागि विद्यालय छनौट सम्वन्धमा
७. ग्यासी फायर(अग्री नियन्त्रक यन्त्र) खरीद सम्वन्धमा
८. स्वास्थ्य शिविर व्यवस्थापन खर्च सम्वन्धमा
९. मौरी पालन तालिमको सहभागीहरुको खाना तथा वास खर्च सम्वन्धमा
१०. वैदेशिक रोजगारीको श्रम स्वीकृति सम्वन्धमा
११. वडा कार्यालय उद्घाटनको व्यवस्थापन खर्च सम्वन्धमा
१२. आर्थिक सहायता सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं.१ माथि छलफल भई आमचोक गाउपालिकालाई आ.व. २०८०-८१ मा सङ्घीय सरकारबाट विशेष अनुदान अन्तर्गत " सिद्दथान पर्यटन पुर्वाधार विकास " कार्यको लागि रु.१,१५,००,०००। बिनियोजन भएकोले सो कार्य गर्ने गरी तयारी लागत अनुमान रु. १,३५,०७,३९७।४८ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४ को उपनियम १ बमोजिम स्वीकृति गरी उक्त कार्यको लागि सङ्घीय सरकारबाट प्राप्त रकममा अपुग हुने रकम आमचोक गाउँपालिकाको समपुरक कोषवाट ब्यहोर्ने गरी इ-टेण्डर गर्ने ।

**निर्णय नं.२**

प्रस्ताव नं.२ माथि छलफल भई आधारभूत अस्पताल सञ्चालन गर्नको लागि आठौं तहको चिकित्सकको ५० प्रतिशत थप इन्सेन्टिभ सहित दोश्रो पटक विज्ञापन आह्वान गरिएकोमा कसैको पनि आवेदन प्राप्त नभएकोले ७५ प्रतिशत थप इन्सेन्टिभ र आवास सुविधा दिने गरि पुन १० दिनको विज्ञापन प्रकाशन गर्ने ।

**निर्णय नं.३**

प्रस्ताव नं.३ माथि छलफल भइ आमचोक गाउँपालिकाको वडा नं.१० को वडा कार्यालय भवन निर्माणको लागि आमचोक गाउँपालिका वडा नं १० (साविकको पाङ्चा गाविस वडा नं १) निवासी वेदराज राईको नाम्मा भएको नाममा भोजपुर जिल्ला साविकको पाङ्चा गाविस वडा नं १ मा दर्ता कायम किता नं २३१ क्षेत्रफल १३-११-३-३ र किता नं ७७१ क्षेत्रफल ०-११-३-० बाट ३ रोपनी काटिने गरि निशुल्क जग्गा उपलव्ध गराएकोले सो जग्गा प्राप्त गर्नको लागि वडा समितिले उपयुक्त भएको ठहर गरे वमोजिम सो जग्गा प्राप्त गर्नको लागि स्वीकार गरी जग्गा प्राप्ति ऐन,२०३४ को दफा ५ वमोजिम जग्गा प्राप्त गर्ने कुराको निर्णय र प्रारम्भिक कारवाहि चलाउने अधिकारी यस गाउँपालिकाको वडा नं १० का वडा सचिव श्री महेश कुमार शाहलाई तोक्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत 2080/3/19

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालवा, भोजपुर

2080/3/19 अशोक राई अध्यक्ष

**निर्णय नं.४**

प्रस्ताव नं ४ माथि छलफल भइ राष्ट्रिय योजना आयोगको मिति २०८०/८/३० को सूचना वमोजिम सङ्घीय समपुरक अनुदान तथा सङ्घीय विशेष अनुदान अन्तर्गत आर्थिक वर्ष २०८१/८२ मा कार्यन्वयन हुने आयोजना/कार्यक्रमका लागि तपशिल वमोजिमको योजनाहरुको प्रस्ताव समपुरक अनुदान सम्वन्धी(तेस्रो संशोधन) कार्यविधि,२०७७ र विशेष अनुदान सम्वन्धी(तेस्रो संशोधन) कार्यविधि,२०७७ वमोजिम पेश गर्ने ।

**सङ्घीय समपुरक अनुदान**

(क) गाउँपालिकाको प्रशासनीक भवन निर्माण

**सङ्घीय विशेष अनुदान**

(क) एकघर एकधारा (हात्तिपाइले खानेपानी योजना)
(ख) शीत भण्डार गृह निर्माण
(ग) बालंखा खेल मैदान निर्माण

**निर्णय नं.५**

प्रस्ताव नं.५ माथि छलफल भई मिति २०८० पौष मसान्त भित्र आर्थिक वर्ष २०८१/८२ को प्रस्तावित आय संघीय सरकारलाई पठाउनको निमित्त श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिले आगामी कार्यपालिकाको वैठकमा पेश गर्ने ।

**निर्णय नं.६**

प्रस्ताव नं.६ माथि छलफल भई यस आर्थिक वर्षमा राष्ट्रपती रनिङ सिल्ड प्रतियोगीता सञ्चालन गर्नको लागि श्री सरस्वती माध्यमिक विद्यालय दुम्मानालाई छनौट गर्ने ।

**निर्णय नं.७**

प्रस्ताव नं.७ माथि छलफल भई आमचोक गाउँपालिका क्षेत्रभित्र रहेको सुरक्षा निकायहरु र गाउँपालिकाको लागि समपुरक कोषवाट २.५ किलोग्रामको १० वटा ग्यासी फायर(अग्नी नियन्त्रक यन्त्र) खरीद गर्ने ।

**निर्णय नं.८**

प्रस्ताव नं.८ माथि छलफल भई प्रदेश सांसद श्री विनोद वान्तवाको पहलमा आमचोक गाउँपालिकामा नोवेल अस्पतालको स्वास्थ्य कर्मीहरुको प्राविधिक सहयोगमा मिति २०८० पौष २४ गते स्वास्थ्य शिविर सञ्चालन हुने भनि पत्र मार्फत जानकारी आएको साथै व्यवस्थापन गरिदिन अनुरोध भएकोले सो सिविरमा स्वास्थ्य कर्मीहरुको टोलिलाई खाना तथा वासको व्यवस्था गाउँपालिकाले गर्ने ।

**निर्णय नं.९**

प्रस्ताव नं.९ माथि छलफल भई जिल्ला घरेलु तथा साना उद्योग कार्यालयको तर्फवाट ७ दिने माहुरी पालन र ७ दिने माहुरी घार निर्माण सम्वन्धी तालिम सञ्चालन भइरहेको र सहभागीहरुको लागि खाना तथा वासको व्यवस्था नभएकोले गाउँपालिका सदरमुकाम भन्दा टाढाका सहभागीहरुको लागी आर्थिक वर्ष २०८०/८१ को गाउँसभाले विनियोजनित अल्या विवध शिर्षकको मौरी पालन कार्यक्रम शिर्षकवाट सहभागीहरुको खाना तथा वास खर्चको रकम भुक्तानी दिने ।

**निर्णय नं.१०**

प्रस्ताव नं.१० माथि छलफल भई श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७९ चैत्र १६ गतेको मन्त्री स्तरीय निर्णय वमोजिम वैदेशिक रोजगारीको लागि व्यक्तिगत श्रम स्वीकृति र पुन श्रम स्वीकृतिका लागिआवेदन गर्ने कार्य सवै स्थानीय तहहरुमा रहेका रोजगार सेवा केन्द्र मार्फत गर्ने गरी निर्णय भए वमोजिम आमचोक गाउँपालिकामा आगामी २०८० माघ महिनादेखि सो कार्यको शुरु गर्ने ।

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

**निर्णय नं.११**

प्रस्ताव नं.११ माथि छलफल भई १ नं.वडा कार्यालय भवन उद्घाटनमा भएको व्यवस्थापन खर्च विल भर्पाई वमोजिम जम्मा रु.२८७००। (अक्षेरुपी अठ्ठाइसहजार सातसय मात्र) नेपाल सरकार राजश्व अनुदान अन्तर्गत अन्य कार्यालय सञ्चालन शिर्षकवाट भुक्तानी दिने ।

**निर्णय नं.१२**

प्रस्ताव नं.१२ माथि छलफल भई आर्थिक सहायता माग भइ आए वमोजिम तपशिल अनुसार आर्थिक सहायता उपलव्ध गराउने ।

क) आमचोक ४ स्थायी निवासी श्री नरवहादुर राउतको छोराहरु जेम्स राउत र जोन राउत डिसेम्वर १ मा फुटवल प्रतियोगीतामा भाग लिन वैंकक गएकोले वडाको सिफारिस वमोजिम प्रोत्साहन स्वरुप नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता शिर्षकवाट रु.२००००। (अक्षेरुपी विसहजार मात्र) उपलव्ध गराउने ।

ख) आमचोक वडा नं १ निवासी श्री प्रेम विष्ट रुखवाट लडेर हात भाँचिएको र वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार गरिरहेको र निजको आर्थिक अवस्था कम्जोर भएको वडाको सिफारिस वमोजिम नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता खर्च शिर्षकवाट रु.१००००। (अक्षेरुपी दसहजार मात्र) उपलव्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत 2080/9/19

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालंखा, भोजपुर

2080/9/19 अशोक राई अध्यक्ष